गाउँ कार्यपालिकाको

मितिः- २०८१/०८/२८

(बैठक संख्याः- ०६-२०८१/०८२)

आज मिति २०८१ साल मंसिर २८ गते तदनुसार नेपाल संवत ११४५, थिंलाथ्व, त्रयोदशी शुक्रबारका दिन बारेकोट गाउँपालिका अध्यक्ष श्री वीर बहादुर गिरी ज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी देहायका प्रस्तावहरु उपर छलफल गरि निर्णय गरियो।

**उपस्थिति**

| | |
|---|---|
| श्री वीर बहादुर गिरी | अध्यक्ष |
| श्री नर बहादुर गिरी | उपाध्यक्ष |
| श्री ऐन बहादुर गिरी | सदस्य गाउँ कार्यपालिका |
| श्री बीर बहादुर घर्ती | सदस्य गाउँ कार्यपालिका |
| श्री राम बहादुर सिंह | सदस्य गाउँ कार्यपालिका |
| श्री विष्णु बहादुर रावत | सदस्य गाउँ कार्यपालिका |
| श्री गोरख बहादुर थापा | सदस्य गाउँ कार्यपालिका |
| श्री डम्बर बहादुर महतारा | सदस्य गाउँ कार्यपालिका |
| श्री विशाल किरण बस्नेत | सदस्य गाउँ कार्यपालिका |
| श्री योगेन्द्र बहादुर सिंह | सदस्य गाउँ कार्यपालिका |
| श्री दान बहादुर शाही | सदस्य गाउँ कार्यपालिका |
| श्री दील बहादुर नेपाली | सदस्य गाउँ कार्यपालिका |
| श्री दिपक नेपाली | सदस्य गाउँ कार्यपालिका |
| श्री कमला कामी | सदस्य गाउँ कार्यपालिका |
| श्री कल्पना नेपाली | सदस्य गाउँ कार्यपालिका |
| श्री विष्णु वि. क. | सदस्य गाउँ कार्यपालिका |
| श्री नैनी नेपाली | सदस्य गाउँ कार्यपालिका |
| श्री लोक राज खत्री | सदस्य सचिव |

CamScanner

गाउँ कार्यपालिका
मिति:- २०८१/०८/२८

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या: ०६-२०८१/०८२)

**प्रस्तावहरु:**

१. कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा।

२. भूकम्प प्रभवितहरुको निजि आवास पुनर्निर्माणको लागि माग गर्ने सम्बन्धमा।

३. नलगाड हाइड्रोपावर सम्बन्धमा।

**निर्णय नं. १**

बारेकोट गाउँपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयनको अवस्था बारे छलफल गरियो। कार्यपालिका निर्णयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने।

**निर्णय नं. २**

बारेकोट गाउँपालिकाको रामीडाँडा केन्द्र बिन्दु भएर २०८० कार्तिक १७ गते गएको ६.४ म्याग्नेच्यूटको भुकम्पका कारण यस बारेकोट गाउँपालिकाका ५५८६ घर परिवारका २२००० भन्दा बढी जनसंख्या प्रभावित हुनुका साथै सम्पूर्ण निजी आवास, आधारभूत अस्पताल, स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य इकाई, पशुसेवा केन्द्र तथा कृषि सेवा केन्द्रका सबै भवनहरु, ४४ वटा विद्यालय भवन, ९ वटा बालविकास केन्द्रका भवनहरु क्षती भएका थिए। हाल अस्थायी आवासहरुमा चिसो मौसमसँगै जुधिरहेका स्थानीयहरुलाई यथाशिघ्र पुनर्निर्माणको प्रक्रियामा लगि सुरक्षित आवास भित्र बसाल्नु तीनै तहका सरकारको जिम्मेवारी रहेको छ। यसर्थ तत्काल भुकम्प प्रभावितहरुका लागि निजी आवास पुनर्निर्माण कार्यविधी ल्याई यथाशिघ्र पुनर्निर्माण प्रक्रिया अगाडी बढाउनका लागि नेपाल सरकार, राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन परिषद एवं हाल नेपाल सरकारका प्रधानमन्त्री तथा राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन परिषदका अध्यक्ष ज्यू सँग अनुरोध गर्ने।

(लोक राज खत्री)
प्रमुख प्रशासकीय अधिकृत

गाउँ कार्यपालिका
मिति:- २०८१/०८/२८

बारेकोट गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक संख्या:-०६-२०८१/०८२)

**निर्णय नं. ३**

बारेकोट गाउँपालिकामा ड्यामसाईड भई नलगाड नगरपालिकामा पावरहाउस भएको ४१७ मेघावाटको नलगाड हाइड्रो पावर परियोजनाको ड्याम साइड भित्र अवस्थित अधिकांश भूभागको मुआब्जा वितरण गरि सकिएको र थोरै बाँकी रहेको भूभागको एवं आयोजना क्षेत्र भित्र अवस्थित निजी आवासहरुको मुआब्जा ह्रासकट्टी नगरिकन यथाशिघ्र वितरण गर्न र उक्त आयोजनाको निर्माण प्रक्रिया अगाडी बढाउन नेपाल सरकारका सम्माननीय प्रधानमन्त्री ज्यू समक्ष अनुरोध गर्ने।

(लोक राज खत्री)
प्रमुख प्रशासकीय अधिकृत